**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ जुलाई २०२६**
समयः १८:५० - १६:०० बजे *(अवधि १० मिनट)*

## प्रमुख समाचार

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आम मानिसहरुका गुनासोहरूको शीघ्र समाधान गर्ने उद्देश्यका साथ 'जनता दरबार' शुरु गर्नुभएको छ l
- दार्जीलिंगका लोकसभा सांसद एव भारतीय जनता पार्टीका राष्ट्रिय प्रवक्ता राजु बिस्टले दार्जीलिङ लोकसभा निर्वाचन क्षेत्रमा प्रधानमन्त्री ग्राम सड़क योजना अन्तर्गत निर्माण गरिएका सड़कहरूको गुणस्तरको जाँचमा ब्यापक भ्रष्टाचार भएको बताउनु भएको छ l
- प्रवर्तन निर्देशनालय ईडी ले अवैध घुसपैठ र यससँग सम्बन्धित वित्तीय लेनदेन तथा नक्कली दस्तावेजहरूको नेटवर्कको जाचको क्रममा आज पश्चिम बंगालसहित देशका १३ स्थानहरूमा एकैसाथ छापा मारेको छ l
- भारतीय प्रशासनिक सेवाका वरिष्ठ अधिकारी स्मृतिरञ्जन मोहन्ती(आईएएस) गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटिए) का नयाँ मुख्य सचिव नियुक्त गरिएको छ l
- मिरिक महाविद्यालयको राष्ट्रिय सेवा योजना युनिट–१ अनि –२ को संयुक्त आयोजनामा स्वच्छता सम्बन्धी एकदिवशीय सचेतनामूलक सङ्गोष्ठी सम्पन्न भएको छ l

### पश्चिम बंगाल - मुख्यमंत्री शुभेंदु अधिकारी - 'जनता दरबार'

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आम मानिसहरुका गुनासोहरूको शीघ्र समाधान गर्ने उद्देश्यका साथ 'जनता दरबार' शुरु गर्नुभएको छ l यो जनता दरबार साल्ट लेकमा भारतीय जनता पार्टीको राज्य कार्यालयमा भइरहेको छ, जहाँ ठूलो संख्यामा मानिसहरूले मुख्यमन्त्री समक्ष आफ्ना समस्या, गुनासो र अघिल्लो सरकारको कार्यकालसँग सम्बन्धित मुद्दाहरू राखिरहेका छन्। जनता दरबारमा उपस्थित हुन चाहनेहरुका लागि एक निर्धारित प्रक्रिया तय गरिएको छ। यो प्रक्रिया पालन नगरी मुख्यमन्त्रीसँग भेट्न सम्भव छैन। जनता दरबारमा पुग्नका लागि आवेदकले पहिले साल्ट लेकस्थित भाजपा कार्यालयमा तोकिएको काउन्टरमा जानुपर्नेछ। त्यहाँ आफ्नो गुनासो वा समस्याको जानकारी दिनुपर्नेछ। यसका साथै उजुरीसँग सम्बन्धित सबै आवश्यक दस्तावेज तथा प्रमाण पनि प्रस्तुत गर्नुपर्नेछ। काउन्टरमा रहेका अधिकारीहरूले पहिले आफैंले गुनासो समाधान गर्ने प्रयास गर्नेछन्। त्यहाँ समस्या समाधान भयो भने मुख्यमन्त्रीलाई भेट्ने आवश्यकता पर्दैन।यदि अधिकारीहरूलाई यो कुरा जनता दरबारमा राख्नु पर्छ भन्ने लाग्छ भने, निवेदकको नाम, मोबाइल नम्बर र उजुरीको विवरण रेकर्ड गरिनेछ। त्यसपछि आवेदकलाई टोकन दिइनेछ। आवश्यक परेमा आधार कार्ड, मतदाता परिचयपत्र वा अन्य वैध परिचयपत्रको विवरण पनि लिन सकिन्छ।

### पश्चिम बंगाल - मुख्यमंत्री - इस्कॉन रथयात्रा

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज इस्कोन रथ यात्राको उद्घाटन प्रतीकात्मक रूपमा स्वर्ण झाडूले झाडूले प्रतीकात्मक रुपमा मार्ग सफा गर्नुभयो। यसपछि उहाले रथको डोरी तानेर भगवान जगन्नाथको रथको आरती गरेर साष्टांग दण्डवत् गर्नुभयो। मुख्यमन्त्री श्री अधिकारी दिउँसो लगभग १२ बजे इस्कोन मन्दिर पुग्नुभएको थियो। मुख्यमन्त्री श्री अधिकारीले इस्कोनको रथयात्रामा भाग लिनु मुख्यमन्त्री हुनका साथै राष्ट्रवादी र सनातन विचारधारामा विश्वास गर्ने व्यक्ति हुन पाउनु आफ्नो लागि सौभाग्य भएको बताउनु भयो।

### लोकसभा सांसद राजु बिस्ट – ग्राम सडक योजना

दार्जीलिंगका लोकसभा सांसद एव भारतीय जनता पार्टीका राष्ट्रिय प्रवक्ता राजु बिस्टले दार्जीलिङ लोकसभा निर्वाचन क्षेत्रमा प्रधानमन्त्री ग्राम सड़क योजना अन्तर्गत निर्माण गरिएका सड़कहरूको गुणस्तरको जाँचमा फेला पारिएका जानकारीहरूले तत्कालिन तृणमूल काँग्रेस सरकारमा ब्यापक भ्रष्टाचार अनि सरकारी कोषको खुल्ला लूट उदाङ्गो भएको बताउनु भएको छ l राष्ट्रीय ग्रामीण बुनियादी ढाचा विकास निकायको राष्ट्रीय गुणस्तर निगरानीकर्ताहरूद्वारा गरिएका यी जाँचहरूमा निर्माणाधीन रहेका कार्यहरू, निर्माण पूरा भएका सड़कहरू, अनि मर्म्मत अवधिमा रहेका सड़कहरू समावेश रहेका छन् । उहाले भन्नुभएको छ -आधिकारिक रिपोर्ट अनुसार, जम्मा १३० वटा सड़कहरू तथा निर्माण कार्यहरूको जाच गरिएको जसमा ८८ वटाको कार्य सन्तोषजनक काम नभएको , ८ वटा कार्य सन्तोषजनक तर सुधार आवश्यक भएको र ३४ वटा कार्य सन्तोषजनक भेट्टाइएको बताउनु भएको छ l सांसद श्री बिस्टले जाँचका परिणामहरूले दार्जीलिङ लोकसभा क्षेत्रमा तत्कालिन टीएमसी सञ्चालित सरकार अन्तर्गत ग्रामीण सम्पर्कताको दयनीय अवस्थाको खुलासा भएको र यो कुनै प्रशासनिक असफलता नभएर, टीएमसी सरकारद्वारा सरकारी कोषको सुनियोजित लूट हो भनि बताउनु भएको छ। सांसद बिस्टले केन्द्रीय मन्त्री श्री शिवराज सिंह चौहानलाई उहाँको त्वरित कार्यवाईका लागि धन्यवाद दिनुभएको छ l उहाँको मन्त्रालयले पश्चिम बङ्गाल सरकारलाई सुधारात्मक कारबाही गर्दै अनुपालन प्रतिवेदन बुझाउन निर्देश दिएको छ। सांसद श्री बिस्टले राज्यका मुख्यमन्त्री सुवेन्दु अधिकारीको गतिशील नेतृत्वमा भारतीय जनता पार्टी सरकारले लूट-राजको अन्त्य गर्ने बिश्वास व्यक्त गर्नुभएको छ।

**प्रवर्तन निर्देशनालय-छापामारी**

प्रवर्तन निर्देशनालय ईडी ले अवैध घुसपैठ र यससँग सम्बन्धित वित्तीय लेनदेनका लागि नक्कली दस्तावेजहरूको नेटवर्कको जाचको एक भागको रूपमा आज पश्चिम बंगालसहित देशका १३ स्थानहरूमा एकैसाथ छापा मारेको अधिकारीहरूले बताएका छन्। ईडीले कोलकाता, उत्तर र दक्षिण २४ परगना र मुर्शिदाबादमा छापा मारेको थियो । प्रारम्भिक जाचमा नक्कली आधार कार्ड, मतदाता परिचयपत्र, प्यान कार्ड र ई–श्रम कार्ड जस्ता दस्तावेज बनाउने काम गरेको देखिएको छ। यी दस्तावेजका आधारमा पश्चिम बंगालबाट मानिसहरुलाई देशका विभिन्न राज्यहरु विशेष गरी कर्नाटक, तमिलनाडु, पञ्जाब, हरियाणा र उत्तर प्रदेशमा पठाइएको आशंका गरिएको छ। सुत्र अनुसार उत्तर प्रदेश पुलिसको स्पेशल टास्क फोर्स (एसटीएफ) ले मानव तस्करीको जाचको क्रममा नेटवर्कसँग सम्पर्क गरेको थियो । जाचले कोलकाता, उत्तर २४ परगना र मुर्शिदाबादमा कथित नक्कली दस्तावेजहरू तयार गर्ने गिरोहको सक्रिय उपस्थितिको संकेत पत्ता लगाएको छ र यस सम्बन्धमा आज बिहानैदेखि विभिन्न स्थानमा छापामारी अभियान जारी छ।

**जलपाईगुड़ी - ‘हाउसिंग फॉर ऑल’ योजना -अनियमितता**

जलपाईगुडी जिल्लामा आज हाउसिंग फॉर ऑल’ योजनासँग सम्बन्धित गम्भीर अनियमितताको मामला प्रकाशमा आएको छ l धेरै लाभार्थीहरुले सरकारी अनुदान लिएर पनि घर निर्माण सुरु नगरेको आरोप लागेको छ भने केहीले खाली जमिन देखाएर पुरानो घरको छप्परमा घर निर्माण गरेको आरोप छ। नगरपालिका सुत्र अनुसार सन् २०१५–१६ देखि २०२१–२२ सम्म ८ हजार ३८ जनालाई घर निर्माणका लागि आर्थिक सहयोग गरिएको थियो । तर, ती मध्ये ६३२ ले पहिलो किस्ता पाएपछि पनि काम सुरु गरेका थिएनन्। सन् २०१५–१६ मा अनियमितताको आकड़ा केवल सात थियो, जुन सन् २०१८–१९ मा २४० र २०२१–२२ मा बढेर २०२ पुग्यो । यो विषय प्रकाशमा आएपछि नगरपालिका बोर्ड बैठकमा चर्चा भएको र सम्बन्धित व्यक्तिहरूलाई नोटिस जारी गरिएको बताइएको छ।नगरपालिका अध्यक्ष सैकत चट्टोपाध्यायले अझै पनि काम सुरु नगर्नेलाई कानुनी कारबाही गरिने बताउनु भएको छ ।

**सिलीगुड़ी, - इस्कॉन मंदिर - रथयात्रा**

सिलिगुडी शहरको इस्कोन मन्दिरले आज ३७ औं भव्य रथ यात्राको आयोजना गर्यो l आज यस अवसरमा 'जय जगन्नाथ' को नारा र भक्ति संगीतको बीचमा, सम्पूर्ण शहर आध्यात्मिक वातावरणमा डुबेको थियो। इस्कॉन सिलीगुडीले आयोजना गरेको रथयात्रामा ठूलो संख्यामा भक्तजनले भाग लिएका थिए । कार्यक्रममा पश्चिम बंगाल विधानसभाका अध्यक्ष रतीन्द्रनाथ बसु, फूलबारी-डबग्रामका भाजपा विधायक शिखा चटर्जी र दार्जीलिङका जिल्लापाल हरिशंकर पणिक्कर लगायत गणमान्य व्यक्तिहरू उपस्थित थिए।

## स्मृतिरञ्जन मोहन्ती जीटीएका नयाँ प्रमुख सचिव

पश्चिम बङ्गाल सरकारले भारतीय प्रशासनिक सेवाका वरिष्ठ अधिकारी स्मृतिरञ्जन मोहन्ती(आईएएस) लाई गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटिए) का नयाँ मुख्य सचिव पदमा नियुक्त गरेको छ। हालै जारी सरकारी आदेश अनुसार उहाले जीटीएको प्रशासनिक नेतृत्व सम्हाल्ने जानकारी प्राप्त भएको छ ।

## मिरिक महाविद्यालय- कार्यक्रम

मिरिक महाविद्यालयको राष्ट्रिय सेवा योजना (एनएसएस) युनिट–१ र युनिट–२ को संयुक्त आयोजनामा तथा भारत सरकारको युवा कार्यक्रम तथा खेल मन्त्रालयको प्रायोजनामा स्वच्छता सम्बन्धी एकदिवशीय सचेतनामूलक सङ्गोष्ठी आज महाविद्यालय परिसरमा सम्पन्न भयो। स्वच्छ, स्वस्थ र जिम्मेवार समाज निर्माणमा युवाहरूको भूमिका सुदृढ बनाउने उद्देश्यले विद्यार्थीहरूमा स्वच्छता, स्वास्थ्य र सामाजिक उत्तरदायित्वप्रति सकारात्मक सन्देश प्रवाह गर्नका निम्ति उक्त कार्यक्रमको आयोजन गरिएको थियो।कार्यक्रममा प्रमुख अतिथिका रूपमा राष्ट्रिय सेवा योजना कोलकाता रिजनका रिजनल डाइरेक्टर श्री अग्निमल दास तथा विशिष्ट अतिथिका रूपमा डेटा अपरेटर अफिसर श्री सौभिक चटर्जी उपस्थित हुनुहुन्थ्यो । प्रमुख अतिथि श्री अग्निमल दासले आफ्नो सम्बोधनमा स्वच्छतालाई जीवनशैलीका रूपमा आत्मसात् गर्नुपर्ने बताउनु भयो । उहाँले सरसफाइ कुनै एक दिनको अभियान नभई निरन्तर अभ्यास र संस्कारको विषय भएको उल्लेख गर्नुभयो। कार्यक्रमको मुख्य आकर्षण स्वच्छता सम्बन्धी पावरपोइन्ट (पीपीटी) प्रस्तुति रहेको थियो।

## सिभिक भोलिन्टियर सम्मानित

आफ्नो जिम्मेवारीलाई निष्ठापूर्वक, इमान्दारी र अनुशासित ढंगले निर्वाह गर्दै प्रशासनको छवि उज्ज्वल बनाउने सिभिक भोलिन्टियरहरूलाई सुके पोखरी थाना अन्तर्गत ट्राफिक विभागले सम्मान जनाएको छ।थाना परिसरमा आयोजित सम्मान कार्यक्रममा दार्जीलिङ टाउन ट्राफिक डीएसपी कल्याण गुरुङ प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । उहाले उत्कृष्ट सेवा प्रदान गर्दै ट्राफिक प्रबन्धन तथा प्रशासनिक कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने सिभिक भोलिन्टियरहरूलाई सम्मानपत्र प्रदान गर्नुहुदै उनीहरूको सेवाको प्रशंसा गर्नुभयो ।

## अरण्य सप्ताह कार्यक्रम

मानेभञ्ज्याङ टङ्गलु रेञ्ज, सिङ्गलिला दक्षिण रेन्जको संयुक्त आयोजनामा अरण्य सप्ताह कार्यक्रम मानेभञ्ज्याङमा भव्य रूपमा सम्पन्न भयो।कार्यक्रममा टङ्गलु रेञ्ज अधिकारी देवशिष हल्दार, सिङ्गलिला दक्षिणका रेञ्जर रोशन राई, सुकेसिमाना ग्राम पञ्चायतकी प्रधान मिना थापा गुरुङ, मजुवा ग्राम पञ्चायतका प्रधान रोगेन वाङ्दी लेप्चा, ३६ बटालियन एसएसबीका सहायक कमाण्डेन्ट, विभिन्न सामाजिक संस्थाका पदाधिकारी, जेएफएमसीका सदस्य, वन विभागका कर्मचारी, एसएसबीका जवान, स्थानीय सचेत नागरिक तथा मानेभञ्ज्याङ बजारका तीनवटा विद्यालयका विद्यार्थी, शिक्षक–शिक्षिकाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।अरण्य सप्ताहको अवसरमा “हरियो वन राष्ट्रको धन, सबैले रूख रोपौँ, हाम्रो पहाडलाई हरियाली बनाऔँ” जस्ता मूल नाराका साथ गुराँसका बिरुवाहरू रोपेर वृक्षरोपण कार्यक्रम सम्पन्न गरियो साथै वन संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले बस तथा चित्रकला प्रतियोगिता, वन संरक्षणसम्बन्धी ऱ्याली र मानेभञ्ज्याङ बजारलाई हरियाली बनाउने अभियान सञ्चालन गरिएको थियो। उल्लेखनीय छ , रेञ्जस्तरीय अरण्य सप्ताह कार्यक्रम १४ जुलाईदेखि २० जुलाईसम्म विभिन्न सचेतनामूलक तथा संरक्षणमुखी कार्यक्रममार्फत सञ्चालन हुने वन विभागले जनाएको छ।

**********